श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यबाहिर मुद्रा निकासी गर्ने सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि देहायबमोजिम सूचना प्रकाशित गरेको छ।

१. (क) नेपाली र भारतीय नागरिकहरूले नेपाल अधिराज्यबाट भारतमा सुन, चाँदी वा मिश्रित चाँदीको नेपाली सिक्काहरूबाहेक अन्य नेपाली र भारतीय सिक्का, करेन्सी, नोट र बैंक नोट असिमित मात्रामा लैजान वा पठाउन सक्नेछन्।

(ख) विदेशी विनिमय सटही कारोबार गर्ने इजाजत प्राप्त व्यक्तिबाट स्वीकृत तरिकाबाट प्राप्त परेको परिवर्त्य विदेशी मुद्रा नेपाल अधिराज्यबाट बाहिर लैजान वा पठाउन पाइनेछ। तर नेपाली तथा भारतीय मुद्रा भारतबाहेक अन्य मुलुकमा लैजान वा पठाउन पाइनेछैन।

(ग) विदेशी नागरिकहरूले नेपाल अधिराज्यमा आफू आउँदा ल्याएको विदेशी मुद्राको रकममा नबढाई कम विदेशी मुद्रा नेपाल अधिराज्यबाट बाहिर लैजान वा पठाउन पाउनेछन् तर यस्ता व्यक्तिहरूले नेपाल अधिराज्यमा प्रवेश गर्दा डिसइम्बारकेशन कार्ड (disembarkation card) मा वा प्रज्ञापनपत्रमा आफूसंग ल्याएको विदेशी मुद्राको रकम अध्यागमन अधिकृतछेउ वा भन्सार अधिकारीछेउ घोषणा गरेको हुनुपर्छ।

२. खण्ड १४, मिति २०२१।१।२९, संख्या ५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित नेपाल राष्ट्र बैंकको यससम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४२।२।१४ को निर्णयानुसार श्री कमलप्रसाद रिमालले हवाई विभाग, महेन्द्रनगर हवाई कार्यालयको असिष्टेण्ट कम्यूनिकेशन अफिसर (रा.प.तृ प्रा.) पदसंकेत नं. पा।हा।वि। ०७।१११ को पदबाट दिनुभएको राजीनामा मिति २०४२।२।१४ देखि लागू हुने गरी स्वीकृत गरेको छ।

आज्ञाले,
श्यामलाल मल्ल
उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८५